**बैठक नं.७५**

आज मिति २०७७/११/२८ गतेका दिन बुटवल उप-महानगरपालिकाका प्रमुख श्रीमान् शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : बिहान ८:३० बजे ।
स्थान : नगर कार्यपालिकाको भवन ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उप-प्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ५ | लाल प्रसाद वस्याल | सदस्य | — |
| ६ | टंक प्रसाद पराजुली | सदस्य | |
| ७ | तेज बहादुर सुनार | सदस्य | |
| ८ | जगदिश चन्द्र आचार्य | सदस्य | |
| ९ | कमल प्रताप थापा | सदस्य | |
| १० | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| ११ | बिष्णु बहादुर थापा | सदस्य | |
| १२ | पदम बहादुर थापा | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १८ | राम प्रसाद रेग्मी | सदस्य | |
| १९ | सन्त बहादुर राना | सदस्य | |
| २० | हुमनाथ आचार्य | सदस्य | |
| २१ | हिम बहादुर खत्री | सदस्य | |
| २२ | डिल प्रसाद नेपाली | सदस्य | |
| २३ | रन्जित शेरचन | सदस्य | |
| २४ | माया देवी वराल (विश्वकर्मा) | सदस्य | |
| २५ | बिमला श्रेष्ठ | सदस्य | |
| २६ | सिता कुमारी थापा | सदस्य | |
| २७ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २८ | विष्णु कुमारी शर्मा | सदस्य | |
| २९ | चक्रपाणि शर्मा | प्रमुख प्रशासकीय अधिकृत | |

रघुमानन्द घोडे, - कार्यवाहक ... - १३ -

**प्रस्ताव नं.७५.१**

**प्रारम्भिक वातावरणीय प्रतिवेदन स्वीकृत सम्बन्धमा।**

**निर्णय नं. ७५.१**

बुटवल उपमहानगरपालिका अन्तर्गत तिनाउ खोला बगर वडा नं.१७ को हरिहरपुर घाट र वडा नं.१८ को झण्डापुर घाटको नदीजन्य पदार्थ उत्खनन गरी बिक्री वितरण गर्ने प्रयोजनको लागि श्री Green Herald Consultancy Pvt. Ltd., Kathmandu र Nepal Environment and Development Consultant, Kathmandu बाट संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण गराइएकोमा उक्त परामर्शदाताहरुले पेश गरेको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय प्रतिवेदन प्रस्तुत भई छलफल गरियो। प्राप्त राय सुझावहरु समेत समावेश भएको पाइएको हुदा परामर्शदाताहरुबाट प्राप्त देहायका IEE का अन्तिम प्रतिवेदनहरु स्वीकृत गर्ने निर्णय गरियो। साथै चालु आ.व.का लागि नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा र मिस्कट भस्कट) को दर प्रति घन मिटर रु.१५।४१ (कर सहित) कायम गर्ने निर्णय गरियो।

१.वडा नं.१७ स्थित हरिहरपुर घाट- Green Herald Consultancy Pvt. Ltd., Kathmandu

२.वडा नं.१८ स्थित झण्डापुर- Nepal Environment and Development Consultant, Kathmandu.

**प्रस्ताव नं.७५.२**

**जितगढी विजय उत्सव सम्बन्धमा।**

**निर्णय नं. ७५.२**

कर्णेल उजिरसिंहको नेतृत्वको नेपाली सेनाले अंग्रेज सेनामाथि विजय हासिल गरेको स्थान ऐतिहासिक जितगढी किल्लामा विजय प्राप्त गरेको दिन वैशाख ७ गते सभ्य एवं भव्यताका साथ विजय उत्सव मनाउनका लागि देहाय बमोजिमको मुल समारोह समिति र उपसमितिहरु गठन गर्ने निर्णय गरियो।

**१. मूल समारोह समिति :**

| | |
|---|---|
| प्रमुख, बुटवल उपमहानगरपालिका | -संयोजक |
| उप-प्रमुख, बुटवल उपमहानगरपालिका | -सह-संयोजक |
| कार्यपालिकाका सदस्यहरु सबै | -सदस्य |
| नगरस्तरीय राजनैतिक दलका प्रमुखहरु | -सदस्य |
| नगरक्षेत्र भित्रका कार्यालय प्रमुखहरु सबै | -सदस्य |
| सुरक्षा निकायका प्रमुखहरु सबै | -सदस्य |
| संघसंस्थाका प्रमुखहरु सबै | -सदस्य |
| सभापति पत्रकार महासंघ रुपन्देही | -सदस्य |
| नगरमा रहेका पत्रिका, टि.भी./एफ.एम का प्रवन्धकहरु सबै | -सदस्य |

बुटवलमा रहेका सहकारी संस्था, धार्मिक संघसंस्था, वित्तीय संघसंस्थाका प्रमुख एवं प्रतिनिधिहरु सबै -सदस्य
सबै मा.वि. र उच्च मा.वि. अध्यक्ष/प्राचार्य -सदस्य
बुटवलस्थित खेलकुद सम्बन्धी समिति, क्लबका पदाधिकारीहरु सबै -सदस्य
स्वास्थ्य स्वंयम् सेविकाहरु -सदस्य
टोल विकास संस्थाका अध्यक्ष एवं पदाधिकारीहरु सबै -सदस्य
बटौली संरक्षण सम्वर्द्धन समितिका सदस्यहरु सबै -सदस्य
बुटवल उपमहानगरपालिकाका पूर्व जनप्रतिनिधिहरु सबै -सदस्य
बुटवल उपमहानगरपालिकाका पूर्व कर्मचारीहरु सबै -सदस्य
प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिव

**प्रमुख सल्लाहकार**

माननीय मुख्य मन्त्री शंकर पोखरेलज्यू
लुम्विनी प्रदेश सरकार
न.पा.भित्रका संघीय संसदका माननीय सदस्यज्यूहरु सबै

**सल्लाहकार**

- प्रदेश सभा, लुम्विनी प्रदेशका सभामुखज्यू
- लुम्विनी प्रदेशका माननीय मन्त्रीज्यूहरु सबै
- प्रदेश सभाका माननीय उप-सभामुखज्यू
- बुटवलस्थित लुम्विनी प्रदेशका माननीय प्रदेश सभा सदस्यज्यूहरु सबै
- लुम्विनी प्रदेशका योजनाका उपाध्यक्षज्यू,
- लुम्विनी प्रदेशका योजना आयोगका सदस्यज्यूहरु सबै
- प्रमुख, जिल्ला समन्वय समिति रुपन्देही

**२.प्रचार प्रसार उप-समिति**

- श्री रमेश प्रसाद नेपाल, वडाध्यक्ष वडा नं.२, बुटवल उपमहानगरपालिका -संयोजक
- अध्यक्ष नेपाल पत्रकार महासंघ, रुपन्देही -सदस्य
- रा.स.स. बुटवल प्रमुख श्री भरत के.सी. -सदस्य
- नेपाल टेलिभिजन प्रतिनिधि श्री हरिश ढकाल/श्री मिलन गाहा -सदस्य
- रेडियो नेपाल प्रतिनिधि श्री राम प्रसाद आचार्य -सदस्य

- गोरखापत्र प्रतिनिधि श्री दीपक ज्ञवाली -सदस्य
- सबै मिडियाका स्थानीय प्रतिनिधिहरु -सदस्य
- स्थानीय सबै पत्रिका प्रतिनिधिहरु -सदस्य
- स्थानीय सबै एफ.एम. प्रतिनिधिहरु -सदस्य
- बटौली संरक्षण तथा सम्बर्द्धन समिति -सदस्य
- श्री अमृत गिरी, प्रेस सल्लाहकार बु.उ.म.न.पा. -सदस्य

**३.र्‍याली तथा झाँकी व्यवस्थापन उप-समिति :**

- तेज बहादुर सुनार, वडाध्यक्ष वडा नं.५, बुटवल उपमहानगरपालिका -संयोजक
  सदस्य : उप-समितिले आवश्यकता बमोजिम थप गर्ने
- श्री तुल्सा अर्याल, अधिकृत स्तर नवौ तह -सदस्य सचिव
- प्रभातफेरी तथा समारोहका सन्दर्भमा मार्चपास तथा सलामीको व्यवस्थापन नेपाली सेना र सुरक्षा निकायहरुबाट मिलाउने ।
- प्रभातफेरी तथा समारोहका सन्दर्भमा वाजा व्यवस्थापन नेपाल प्रहरीबाट मिलाउने

**४.सरसफाई व्यवस्थापन उप-समिति**

- श्री रञ्जित शेरचन कार्यपालिका सदस्य -संयोजक
- श्री ज्ञानु कुमारी लिगल, वडा सदस्य -सदस्य
- श्री विष्णु कुमारी नेपाली, वडा सदस्य -सदस्य
- श्री सतिस कसौधन, वडा सदस्य -सदस्य
- श्री सुनिल शाक्य, वडा सदस्य -सदस्य
- श्री खगिसरा गाहा, वडा सदस्य -सदस्य
- श्री कमलादेवी नगरकोटी -सदस्य
- श्री प्रेम गाहा, वडा सदस्य -सदस्य
- श्री प्रतिनिधि वटौली संरक्षण सम्वर्द्धन समिति -सदस्य
- श्री स्थानीय टोल विकास संस्थाहरु सबै -सदस्य
- श्री वातावरणीय सुन्दर नेपाल प्रा.लि. -सदस्य
- श्री टोपलाल शर्मा, सरसफाई उप-शाखा प्रमुख वु.उ.म.न.पा सदस्य सचिव

५.अतिथि सत्कार, स्वागत, मायाको चिनो तथा जलपान व्यवस्थापन उप-समिति

- श्री महेन्द्र लिगल, वडाध्यक्ष वडा नं.१ -संयोजक
- श्री विमला श्रेष्ठ, कार्यपालिका सदस्य -सदस्य
- श्री सिता थापा, कार्यपालिका सदस्य -सदस्य
- श्री विष्णु कुमारी शर्मा, कार्यपालिका सदस्य -सदस्य
- श्री सुष्मा कुमारी अर्याल, कार्यपालिका सदस्य -सदस्य
- श्री मायादेवी बराल, कार्यपालिका सदस्य -सदस्य
- श्री लेखनाथ पोखरेल, बरिष्ठ अधिकृत -सदस्य सचिव

६.मञ्च तथा साउण्ड व्यवस्थापन उप-समिति :

- श्री जगदिशचन्द्र आचार्य वडा अध्यक्ष, वडा नं.६ -संयोजक
- श्री मदन कुमार श्रेष्ठ, वडा सदस्य -सदस्य
- श्री निरन्जन गोपाल लाकौल -सदस्य
- श्री अशोक राई -सदस्य
- श्री बाबुराम पौडेल -सदस्य
- श्री धना लामा -सदस्य
- श्री केशव ज्ञवाली -सदस्य सचिव

७.कार्यक्रम समन्वय व्यवस्थापन उपसमिति :

- श्री प्रमुख प्रशासकीय अधिकृत संयोजक
- श्री महाशाखा प्रमुखहरु सबै, बु.उप.म.न.पा. -सदस्य
- श्री वरिष्ठ अधिकृतहरु सबै -सदस्य
- श्री हरि प्रसाद आचार्य, वरिष्ठ अधिकृत -सदस्य सदस्य

८.अनुगमन उप-समिति

- श्री गुमादेवी आचार्य उपप्रमुख -संयोजक
- श्री प्रमुख प्रशासकीय अधिकृत -सदस्य
- श्री शिवनारायण शाह -सदस्य

९.निमन्त्रणा, सम्मान पत्र, पुरस्कार व्यवस्थापन उपसमिति

- श्री टंक पराजुली वडा अध्यक्ष, वडा नं.४ -संयोजक

- सदस्य : उप समितिले आवश्यकता बमोजिम थप गर्ने
- श्री तुल्सा अर्याल -सदस्य सचिव

१०.भौतिक पूर्वाधार विकास उपसमिति

- श्री राम प्रसाद रेग्मी वडा अध्यक्ष, वडा नं.१६ -संयोजक
  सदस्य : उप समितिले आवश्यकता बमोजिम थप गर्ने
- श्री सुमन श्रेष्ठ -सदस्य सचिव

११.प्राथमिक स्वास्थ्य व्यवस्थापन उपसमिति

- श्री सीता थापा, संयोजक सामाजिक समिति -संयोजक
  सदस्य : उप समितिले आवश्यकता बमोजिम थप गर्ने
- श्री उमा थापा -सदस्य सचिव

१२.जितगढी विजय उत्सव सचिवालय गठन

| | |
|---|---|
| प्रमुख, बुटवल उपमहानगरपालिका | -संयोजक |
| उप-प्रमुख, बुटवल उपमहानगरपालिका | -सह-संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत, बुटवल उपमहानगरपालिका | -सदस्य |
| नगरकार्यपालिकाको कार्यालय | -सदस्य |
| संयोजक, सबै उपसमितिहरु | -सदस्य, |
| सदस्य-सचिव, सबै उप-समितिहरु | -सदस्य |
| सामान्य प्रशासन महाशाखा प्रमुख | -सदस्य सचिव |

१३. प्रमुख अतिथिको सम्बन्धमा सम्पूर्ण अधिकार नगर प्रमुखलाई दिने ।

प्रस्ताव नं.७५.३

'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धमा ।

निर्णय नं. ७५.३

बुटवल उपमहानगरपालिकाद्धारा स्वीकृत "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ को नियम २ को उपनियम २ सँग सम्बन्धित अनुसूची ५ बमोजिमको प्रयोजनका लागि गठित समितिबाट सिफारिस भई आए बमोजिम देहायका निर्माण व्यवसायीहरुलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

| क्र.सं. | निर्माण व्यवसायी | ठेगाना |
|---|---|---|
| १. | बुद्धि कन्स्ट्रक्सन | बुटवल-७ |

| | | |
|---|---|---|
| २. | डि. एण्ड पि निर्माण सेवा | बुटवल-१० |
| ३. | स्प्रो विल्ड प्रा.लि. | बुटवल-४ |

**प्रस्ताव नं.७५.४**
**सहयोग सम्बन्धमा ।**
**निर्णय नं. ७५.४**

जितगढी किल्ला लुम्बिनी प्रदेशकै एक ऐतिहासिक तथा पुरातात्विक महत्वको केन्द्र भएकोले यसको संरक्षण, सम्बर्द्धन र प्रबर्धन गर्न र प्रचार प्रसार गरी आन्तरिक तथा बाह्य पर्यटनलाई आकर्षण बढाउन बार्षिक रुपमा नेपाली सेनाको अगुवाईमा प्रदेश सरकार तथा उपमहानगरपालिका लगायत विभिन्न संघसंस्थाको साथ र सहयोगमा जितगढी विजय उत्सव दौड प्रतियोगिता तथा विविध कार्यक्रमहरु संचालन गरिदै आई रहेकोमा यस बर्ष कोभिड-१९ को कारण सिमित संख्यामा जनसहभागिता गराई कार्यक्रमलाई निरन्तरता दिने हेतुले राष्ट्रिय एकता दिवसको अवसरमा गत पौष २५ गते शनिवार संचालन गरिएको "Victory Half Marathon & Unity Run" कार्यक्रम सफलता पूर्वक संचालन भएको हुदा सो वापत खर्च भएको रु.१०००००।- (एक लाख मात्र) सहयोग उपलब्ध हुन भनि नेपाली सेना मध्य पश्चिम पृतना हेड क्वा. योगीकुटी बुटवलको प.सं.१५६८३/जि.९/सिमिक/०७७/०७८ मिति २०७७१०।२८ को पत्रबाट अनुरोध भई आएको र उक्त कार्य पर्यटन प्रवर्धन र उपमहानगरसँग सम्बन्धित समेत भएको हुँदा उल्लेखित पृतनालाई सि.नं. १९७ विजय उत्सव, विभिन्न दिवस तथा समारोह खर्च शीर्षकबाट रु.१ लाख सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं.७५.५ विविध ।**
**प्रस्ताव नं.७५.५.१**
**ग्रेडर मरमत सम्बन्धमा ।**
**निर्णय नं. ७५.५.१**

यस बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको नाममा रहेको ग्रेडर मेशिन लामो समयदेखि निर्माण अवस्थामा रहेको छ । स्थानीय बजारमा पार्टपूर्जा सजिलै नपाएका कारण मरमतमा विलम्व भएको छ । उक्त मेशिन मरमत नहुदा विकास निर्माणका काममा समेत बाधा पर्न गएको र उक्त ग्रेडर मेशिनको मरमत कार्यलाई तत्काल अगाडि बढाउन आवश्यक भएको हुँदा मरमत पश्चात कम्तीमा एक बर्षको लागि मरमतको सुनिश्चितता हुने गरी अध्ययन गरी मरमत प्रकिया अगाडि बढाउने सम्बन्धमा सिफारिस गर्न देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

श्री तेज बहादुर सुनार, वडाध्यक्ष, वडा नं.५ सार्वजनिक खरिद अनुगमन उपसमिति संयोजक संयोजक

श्री शिवनारायण शाह, वरिष्ठ अधिकृत — सदस्य

श्री योगेश चापागाई, वातावरण ईन्जिनियर — सचिव

**प्रस्ताव नं.७५.५.२**

**भुमि समस्या समाधानसँग सम्बन्धित कामका सम्बन्धमा ।**

**निर्णय नं. ७५.५.२**

बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका भुमिहिन दलित, भुमिहिन सुकुम्वासी तथा अव्यवस्थित वसोवासीको लगत संकलन तथा व्यवस्थापन जस्ता भुमि सम्बन्धी समस्या समाधानसँग सम्बन्धित कामका सन्दर्भमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

(क) बुटवल उप-महानगरपालिका क्षेत्र भित्रका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोवासीको लगत संकलन/व्यवस्थापन गर्ने सर्न्दभमा सबै वडाहरुमा अभिमुखीकरण गर्नको लागि मिति २०७७/१०/१९ को स्वीकृत प्रस्ताव बमोजिम अभिमुखीकरण कार्यक्रमहरु संचालन भैरहेको र सार्वजनिक खर्च मितव्ययिता सम्बन्धी निर्देशिका २०७७ को बुदा नं. १५ ख मा पदीय जिम्मेवारीमा रहेका जनप्रतिनिधि र कर्मचारीहरुलाई सार्वजनिक बिदा बाहेक भत्ता उपलब्ध नहुने उल्लेख भए तापनि हाल भूमि सम्बन्धी समस्या समाधानसंग सम्बन्धित बिषयमा जुनसुकै समयमा वडास्तरमा कार्यक्रम संचालन गर्नु पर्ने भएको हुँदा सो विषय समेतलाई मध्यनजर गरी भूमि सम्बन्धी समस्या समाधान संग सम्बन्धित बिषयमा जुनसुकै समयमा कार्यक्रम संचालन गरिए तापनि स्वीकृत दररेटमा नबढने गरी नियमानुसार तालिम/प्रशिक्षण भत्ता उपलब्ध गराउने ।

(ख) बुटवल उप-महानगरपालिका क्षेत्र भित्रका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोवासीको लगत संकलन गर्नका लागि मिति २०७७/१०/१५ गतेको नगरकार्यपालिकाको बैठकको निर्णय बमोजिम वडाबाट न्यूनतम एक जना देखि ५ जना सम्म तथ्यांक संकलक सिफारिस गर्ने भनी निर्णय भए तापनि अव्यवस्थित बसोवासीहरु धैरै भएको वडाहरुमा ५ जना तथ्यांक संकलकहरुबाट तोकिएको समय भित्रमा लगत लिने कार्य सम्पन्न गर्न नसकिने अवस्थालाई मध्यनजर गरी प्रति फारमको तोकिएको पारिश्रमिक उपलब्ध गराउने गरी धैरै लगत संकलन गर्नु पर्ने वडाहरुका लागि आवश्यकता बमोजिम वडाबाट सिफारिस भई आएका संकलकहरु परिचालन गरिएको हुँदा सो विषयलाई अनुमोदन गरियो ।

(ग) बुटवल नगरक्षेत्र भित्रका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोवासीहरुको लगत लिने कार्य भैरहेकोमा लगत संकलन कार्यविधि, २०७७ को दफा ६ को उपदफा (२) संग सम्बन्धित अनुसूची -३ बमोजिमको भूमिहिन दलित/भूमिहिन

सुकुम्बासीले भर्ने फारम तथा अनुसूची -४ बमोजिमको अव्यवस्थित बसोवासीले भर्ने निवेदन फारममा आवाद कमोद गरेको जग्गाको प्रकृति उल्लेख गर्नु पर्ने भएको तथा सबै वडाहरुलाई आवाद कमोदको अवस्था तथा जग्गाको प्रकृतिको बिषयमा निर्णय गरी पठाउन गरिएको पत्राचार बमोजिम जग्गाको आवाद कमोदको अवधि तथा जग्गाको प्रकृति निर्धारण सम्बन्धी वडा समितिहरुबाट निर्णय गरी गरेको सिफारिस बमोजिम हुने व्यवस्था मिलाउने ।

(घ) भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोवासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यविधि २०७७ को दफा ५ को उपदफा (२)(ख) मा नगरपालिकाद्वारा ग्रामीण क्षेत्र, शहरउन्मुख क्षेत्र र शहरी क्षेत्र तोक्नुपर्ने बिषय उल्लेख भए बमोजिम मिति २०७७/१०/१५ गतेको नगरकार्यपालिकाको बैठकको निर्णय नं. ७३.१.५ मा वडा नं. १ देखि ११ सम्मको सबै क्षेत्रलाई शहरी क्षेत्र कायम गर्ने निर्णय भएकोमा वडा नं. ११ को धेरै क्षेत्र शहरउन्मुख एवं ग्रामीण क्षेत्र रहेकाले अव्यवस्थित बसोवासी रहेको सबै क्षेत्रलाई शहरउन्मुख क्षेत्र कायम गर्नका लागि वडा समितिको निर्णय सहित यस कार्यालयमा अनुरोध भई आएकोले पूर्व निर्णय जस्तो भए तापनि वडा नं. ११ को रंगशाला पथ देखि पूर्व तर्फका सबै बस्ती शहरी क्षेत्र र पश्चिम तर्फका अव्यवस्थित बसोवासी रहेको सबै क्षेत्रलाई शहरउन्मुख क्षेत्र कायम गर्ने ।

**प्रस्ताव नं. ७५.५.३**

**सानिसा अवधारणामा मनसायपत्र आब्हान सम्बन्धमा ।**

**निर्णय नं. ७५.५.३**

सार्वजनिक निजी साझेदारी अवधारणा अन्तर्गत मिति २०७७।११।१७ मा बसेको सानिसा समितिको बैठकबाट सिफारिस भई आए बमोजिमका देहायका आयोजनाहरुको मनसायपत्र आब्हानका लागि स्वीकृति दिने निर्णय गरियो ।

(क) बुटवल उपमहानगरपालिका वडा नं.१२ स्थित ढुवानीग्राम आयोजना परिसरभित्र सपिङ्ग कम्प्लेक्स भवन निर्माण, सञ्चालन तथा हस्तान्तरण ।
(ख) बुटवल उपमहानगरपालिका वडा नं.१८ सौरहियामा थारु संग्रहालय तथा बहु सांस्कृतिक ग्राम निर्माण, सञ्चालन तथा हस्तान्तरण ।
(ग) मिलनपार्कको सौन्दर्यीकरण तथा Tree Resturant निर्माण, सञ्चालन तथा हस्तान्तरण ।
(घ) बुटवल उपमहानगरपालिका वडा नं.१० रामनगरमा पशु बधशाला स.चालन, व्यवस्थापन तथा हस्तान्तरण ।

प्रस्ताव नं. ७५.५.४

८ नं. वडा कार्यालयका लागि जग्गा माग सम्बन्धमा ।

निर्णय नं. ७५.५.४

मिति २०७७१०।१५ मा बसेको नगरकार्यपालिकाको वैठकको निर्णय नं.७३.५.३ बाट ८ नं. वडा कार्यालयको वडा भवन निर्माण प्रयोजनका लागि माग गरिएको जग्गामा केही थप गरी जग्गा मागका लागि वडा समितिको मिति २०७७१०।१३ को निर्णय साथ ८ नं. वडा कार्यालयको प.सं.०७७०७८ च.नं.११३६ मिति २०७७१०।१४ को पत्रबाट अनुरोध भई आएको हुँदा सडक डिभिजन कार्यालयको नाममा दर्ता स्रेस्ता रहेको कि.नं. १ को जग्गा मध्ये पूर्व तर्फ पूर्व सडक मोहडा पर्ने गरी ज.वि.६-०-० क्षेत्रफल मध्येबाट ज.वि.०-५-० (पाँच कठ्ठा मात्र) वडा कार्यालय भवन निर्माणका लागि उपलब्ध हुन सम्बन्धित निकायहरुमा अनुरोध गरी पठाउने निर्णय गरियो।

प्रस्ताव नं.७५.५.५

स्मार्ट वत्ती व्यवस्थापन सम्बन्धमा ।

निर्णय नं. ७५.५.५

यस बुटवल उपमहानगरपालिकाका प्रमुख बजार क्षेत्रहरुमा स्मार्ट बत्ती व्यवस्थापन गरी सडक बत्तीलाई व्यवस्थित एवं प्रभावकारी बनाई रात्रीकालिन बजारलाई अभिवृद्धि गरी बजारको सौर्न्दयीकरण गर्न समय सापेक्षित र आवश्यक समेत भएको हुँदा सोको सम्भाव्यता अध्ययन गरी १ महिनाभित्रमा प्रतिवेदन पेश गर्ने गरी देहाय बमोजिमको एक अध्ययन कार्यदल गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| श्री टंक प्रसाद पराजुली, वडाध्यक्ष, वडा नं.४ | -संयोजक |
| श्री तेज बहादुर सुनार, वडाध्यक्ष, वडा नं.५ | -सदस्य |
| श्री जगदिश चन्द्र आचार्य, वडाध्यक्ष, वडा नं.६ | -सदस्य |
| श्री कमल प्रताप थापा, वडाध्यक्ष, वडा नं.७ | -सदस्य |
| श्री भिम बहादुर श्रेष्ठ, वडाध्यक्ष, वडा नं.८ | -सदस्य |
| श्री विष्णु बहादुर थापा, वडाध्यक्ष, वडा नं.९ | -सदस्य |
| श्री लक्ष्मण अर्याल, सहायकस्तर पाँचौ तह (प्राविधिक) | -सचिव |

प्रस्ताव नं.७५.५.६

विद्युत कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

निर्णय नं. ७५.५.६

यस बुटवल उपमहानगरपालिकाको भौगोलिक क्षेत्रलाई समेट्ने गरी विद्युत सम्बन्धी कामकाज गर्न जनशक्ति कम रहेको छ । साविक बुटवल उपमहानगरपालिका हुदाकै जनशक्तिबाट हालसम्म कामकाज चलि आएको र मौजुदा जनशक्तिमा पनि लाइनमेन भन्दा सहयोगीको संख्या बढी हुँदा विद्युत सम्बन्धी काममा प्रभावकारिता हुन सकेको छैन । बढ्दो जनसख्या र भुगोल अनुसार

मौजुदा शक्तिले मात्र विद्युत सम्बन्धी काम सुचारु हुन नसक्ने भएकोले नगरका १४-१९ का ६ वटा वडाहरुका लागि जम्मा लाइनमेन ३ र हेल्पर सहयोगी ३ जना विद्युत सम्बन्धी कर्मचारी ०७७ चैत्र १ गते देखि ०७७ जेष्ठ मसान्तसम्म हाललाई बढीमा ३ महिनाका लागि डोर हाजिरीमा काममा लगाउने र मर्मत सम्भार वापत कन्टेजेन्सीबाट भुक्तानी दिने गरी सम्बन्धित वडाहरुले राख्ने व्यवस्था मिलाई विद्युत सम्बन्धी कामकाजलाई व्यवस्थापन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७५.५.७**
**फोहर व्यवस्थापन सम्बन्धमा ।**
**निर्णय नं. ७५.५.७**

यस बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका वडा नं.१४ देखि १९ सम्मका वडाहरुमा समेत फोहरमैला व्यवस्थापन गर्न आवश्यक भएको हुँदा स्वीकृत सेवा शुल्क दररेटको आधारमा फोहर व्यवस्थापनको कार्य अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं.७५.५.८**
**वैठौलिया तालको आय ठेक्का सम्बन्धमा ।**
**निर्णय नं. ७५.५.८**

यस बुटवल उपमहानगरपालिका अन्तर्गत वडा नं.१६ मा रहेको बैठौलिया ताल संचालनयोग्य भएको र उक्त तालबाट स्रोतको सुनिश्चितता गर्न आवश्यक भएकोले आय ठेक्का बन्दोवस्त प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं.७५.५.९**
**कृषि बजारको लागि जग्गा माग गर्ने सम्बन्धमा ।**
**निर्णय नं. ७५.५.९**

यस बुटवल उपमहानगरपालिका वडा नं.१६ स्थित बुटवल उपमहानगरपालिका र सैनामैना न.पा.को सिमानामा रहेको जग्गामध्येको केही जग्गा फिल्डबुकमा नदी र खोला उकास प्रकृतिको रहेको छ । उक्त नदी र खोला उकासको साविक सेमलार १ण कि.नं.१४ को ज.वि.१२-५-०, साविक सेमलार १च को कि.नं.२५ ज.वि.७-१-९, साविक सेमलार नक्सा ६घ कि.नं.५४ को ज.वि. १०-१०-७ र फिल्डवुकमा खाली रहेको साविक सेमलार ६ग को कि.नं.६०८ को अन्दाजी ज.वि.२२-०-० समेतको जग्गा कृषि बजारको लागि उपयोगमा ल्याउदा स्थानीय कृषकहरुलाई लाभ हुने र स्थानीय स्तरमा चहलपहल एवं गुल्जार समेत हुने भएको हुँदा उल्लेखित कि.नं.हरु मध्येको देहायको चार किल्ला भित्रको ज.वि.५१-१६-१६ मध्येबाट कृषि बजार केन्द्र संचालन प्रयोजनका लागि नदीको क्षेत्राधिकार र गुरुयोजना मुताविक कोरिडोरको जग्गा समेत छोडी ४२ विगाहा जग्गा उपलब्ध हुन सम्बन्धित निकायहरुमा सिफारिस साथ अनुरोध गर्ने निर्णय गरियो ।

देहाय :

| | |
|---|---|
| पूर्व | - आवादी जग्गा । |
| पश्चिम | - नरैनापुर धाम । |
| उत्तर | - दानव खोला । |
| दक्षिण | - आवादी जग्गा । |

**प्रस्ताव नं. ७५.५.१०**

**शोक प्रस्ताव सम्बन्धमा ।**

**निर्णय नं. ७५.५.१०**

यस बुटवल उपमहानगरपालिका नगरकार्यपालिका कार्यालयका प्रमुख प्रशासकीय अधिकृत श्री चक्रपाणी शर्माज्यूको ममतामयी माता श्री टिकादेवी शर्माको मिति २०७७।११।०२ गतेका दिन ७१ बर्षको उमेरमा असामयिक निधन भएको हुँदा मृत आत्माको चिर शान्तिको कामना सहित भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दै शोकाकुल परिवारजनहरु प्रति हार्दिक समवेदना प्रकट गर्दै यो कार्यपालिका वैठक शोक प्रस्ताव पारित गर्दछ ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट वैठक समाप्त भएको जानकारी गराउनु भयो ।